नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (विकास सहायता समन्वय शाखा)

प.सं. २०७५/०७६ (विसस)

चलानी संख्याः ३०४

मिति २०७५/९/५

**विषयः गाउँ/नगर वस्तुस्थिती विवरण तयारी कार्यविधि, २०७५ सम्बन्धमा।**

श्री सबै स्थानीय तहहरू।

स्थानीय तहका तथ्याङ्क, सूचना संकलन, प्रशोधन एवं विश्लेषणमा एकरुपता र स्तरीयता कायम गर्नुका साथै तथ्याङ्कमा आधारित योजना तर्जुमा तथा निर्णय लिन सहजता ल्याउने उद्देश्यले यस मन्त्रालयबाट गाउँ/नगर वस्तुस्थिती विवरण तयारी कार्यविधि, २०७५ **(Rural/Urban Profile Preparation Procedure, 2075)** स्वीकृत गरिएको छ। यस कार्यविधि अनुरुप तथ्याङ्क संकलन तथा विश्लेषण गर्न सफ्टवेयरको समेत विकास गरिएको छ। अतः कार्यविधिमा उल्लिखित सफ्टवेयर प्रयोग गर्ने सम्बन्धमा कुनै द्विविधा भए तपसिलका व्यक्तिहरुलाई सम्पर्क गर्न हुन अनुरोध छ।

तपसिल

शाखा अधिकृत अनिल किराती, kirateeanil@gmail.com, ९८५२८४९२०४
कम्प्युटर अधिकृत, देवेन्द्र झा, devendra.jha120@gmail.com, ९८६१६६७७३३
कम्प्युटर ईन्जिनियर, निरोज कार्की, niroj.karki@gmail.com, ९८४१५२२९५७

(लिला राज काफ्ले)
शाखा अधिकृत

बोधार्थ

श्री सूचना तथा प्रविधि शाखा
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः यसै साथ संलग्न कार्यविधि मन्त्रालयको वेवसाईटमा अपलोड गरिदिनु हुन।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

चलानी संख्याः:

प.सं. २०७५/०७६ (विसस)

## प्रेश विज्ञप्ति

नेपालको संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ। संविधानको अनुसूची ८ को स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ। नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क, संभाव्य प्राकृतिक, भौतिक र साँस्कृतिक स्रोतसाधनको तथ्याङ्कीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनलाई स्थानीय तहको कार्य क्षेत्रमा उल्लेख गरेको छ। यस अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई तोकेको छ।

वर्तमान युग प्रमाणमा आधारित नीति निर्माणको युग हो। यसका लागि आधारभूत एवं प्राथमिक तथ्यांक अनिवार्य पूर्वशर्त रहन्छ। गाऊँपालिका तथा नगरपालिकाहरुको दीर्घकालीन, वार्षिक, क्षेत्रगत एवं रणनीतिगत योजना तर्जुमामा खण्डीकृत र अद्यावधिक तथ्यांक अति महत्वपूर्ण देखिन्छ। स्थानीय तहको विस्तृत र खण्डीकृत तथ्याङ्क सहितको वस्तुस्थिती विवरण तयार गर्न सहजीकरण गर्ने उद्धेश्यले आधारभूत प्रक्रिया, विधि र फारामहरु सहितको " **गाऊँ वा नगर वस्तुस्थिती विवरण तयारी कार्यविधि, २०७५**" जारी गरिएको छ। यस कार्यविधिको प्रमुख उद्देश्य स्थानीय तहको विकास प्रक्रिया तथा सेवा प्रवाहका लागि नीति, योजना तथा कार्यक्रमहरु तयार गर्न अत्यावश्यक आधारभूत तथ्याङ्क, सूचना वा विवरण संकलन, विश्लेषण र व्यवस्थापनका न्यूनतम विषयहरुमा एकरुपता र स्तरीयता कायम गरी तथ्याङ्क संकलनका स्तरीय ढाँचामा चरणबद्ध प्रक्रिया अबलम्बन गरी गाउँ वा नगर वस्तस्थिती विवरण तयारी गर्न दिशानिर्देश गर्नु रहेको छ।

यस कार्यविधिले स्थानीय तहका तथ्याङ्क, सूचना संकलन, प्रशोधन एवं विश्लेषणमा एकरुपता र स्तरीयता कायम गर्नुका साथै तथ्याङकमा आधारित योजना तर्जुमा तथा निर्णय लिन सहजता ल्याउने विश्वास लिएको छु। तथ्यांक सङ्कलन तथा विश्लेषणमा अत्याधुनिक प्रविधि र application को प्रयोग गर्ने तथा online system मा आधारित यस पद्धतिले स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापनमा दक्षता र प्रभावकारिता अभिवृद्धि गर्नुका साथै योजना तर्जुमा पद्धतिमा horizontal and vertical तादम्यता कायम गर्न यस कार्यविधिले सहयोग गर्ने र यस कामको लागि लाग्ने स्थानीय तहहरुको ठुलो धनराशीको बचत हुने भई अन्य विकास निर्माणका कार्यमा टेवा पुग्नेछ भन्ने आशा यस मन्त्रालयले राखेको छ।

मिति २०७५/९/३

सहसचिव
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

चलानी संख्याः:

प.सं. २०७५/०७६ (विसस)

## गाउँ/नगर वस्तुस्थिती विवरण तयारी कार्यविधि, २०७५ का मुख्य मुख्य विशेषताहरु

- गाऊँपालिका तथा नगरपालिकाहरुको दीर्घकालीन, वार्षिक, क्षेत्रगत एवं रणनीतिगत योजना तर्जुमाको प्रमुख आधारको रुपमा रहने,
- विषय-क्षेत्रगत स्थिति सहित गाउँ/नगर वस्तुस्थिती विवरण तयारीका लागि स्तरीकृत तथ्याङ्कीय सूचकहरु उपलब्ध हुने आधार तयार हुने,
- स्थानीय तहको तथ्याङ्क व्यवस्थापनमा एकरुपता र स्तरीयता कायम हुने गरी गाउँ/नगर वस्तुस्थिती विवरणको स्तरीय ढाँचा, तथ्याङ्क संकलनका औजार तथा प्रक्रिया तय हुने,
- तथ्यांक सङ्कलन तथा विश्लेषणमा अत्याधुनिक प्रविधि र application को प्रयोग गर्ने तथा online system मा आधारित यस पद्धतिले स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापनमा दक्षता र प्रभावकारिता अभिवृद्धि गर्ने,
- स्थानीय तहको स्तरीकृत तथ्याङ्कीय आधार तयार गर्न तथ्याङ्क संकलन, प्रशोधन, भण्डारण तथा एकीकृत प्रतिवेदनको विधि, प्रक्रिया तथा फारामको विस्तृत ढाँचा समावेश रहेको,
- स्थानीय तहले स्थानीय मौजुदा संरचना तथा जनशक्ति परिचालन गरी आफूलाई आवश्यक आधारभूत तथा खण्डीकृत तथ्यांक सरल एवं सुलभ ढंगले संकलन तथा अद्यावधिक गर्न सहयोग पुग्ने,
- स्थानीय तहमा सूचना प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापनका औजारहरु उपलब्ध गराउने र स्थानीय सरकारमा सूचना प्रविधिमूलक सूचना व्यवस्थापनको कार्यलाई संस्थागत गर्दै लैजान मद्दत मिल्ने,
- स्थानीय योजना तर्जुमाका लागि आवश्यक आधाररेखा सूचना (Baseline information) उपलब्ध हुने,
- यसै कार्यका लागि स्थानीय तहले खर्च गर्नु नपर्ने भएकाले ठुलो धनराशीको बचत हुने भई सो रकम विकास निर्माणका कार्यमा लगाउने सकिने,